नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १००९
फ्याक्स: ०१-४५१८३९९
पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या:१-०१-१८-२०८१/०८२
प्रा.प.सं. :

मिति: २०८१/१०/१७ गते।
ने.सं.: ११४५ पोहेलागा, १० शुक्रवार

प्रेस विज्ञप्ती-२७

"भाटभटेनी सुपरमार्केटको एकीकृत कर प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याई विद्युतीय कसूर गरेको सम्बन्धमा"

❖ **सुचनाको व्यहोरा:-** आन्तरिक राजस्व विभागको Software 'एकिकृत कर प्रणाली (Integrated Tax System)' बाट करदाता, **'भाटभटेनी सुपरमार्केट' को** User ID, Password को अनधिकृत प्रयोग गरी अस्वाभाविक कर विवरण पेस गरेको हुँदा आवश्यक अनुसन्धान तथा कारबाहीका लागी आन्तरिक राजस्व बिभाग, लाजिम्पाटबाट मिति २०८१/०९/२५ गतेको पत्र मार्फत अनुरोध भई आएको।

❖ **कसुर:-** 'विद्युतीय कारोबार ऐन, २०६३', परिच्छेद ९ (कम्प्यूटर सम्बन्धी) कसूर।

❖ **पक्राउ प्रतिवादीहरु:-**

सि.नं.	नाम	उमेर	लिंग	ठेगाना	फोटो
१	सन्तोष पराजुली	बर्ष २८	पुरुष	पर्वत, बिहादी गा.पा.-३ स्थाई वतन भई चितवन, भरतपुर म.पा.-११ बस्ने	
२	परिन पाण्डे	बर्ष २२	पुरुष	गोरखा,भिमसेन थापा गा.पा.-४ स्थाई वतन भई चितवन, भरतपुर म.पा.-११ बस्ने	

❖ **बरामद समाग्रीहरु:-**

सि.नं.	सामानको बिवरण	संख्या	फोटो
१	Laptop	३	
२	C.P.U.	१	
३	WIFI Router	१	
४	DVR	१	
५	Mobile phone	२	

❖ **पक्राउ मिति तथा स्थान:** मिति २०८१/१०/०५ गते चितवन जिल्ला भरतपुर म.न.पा.-३ ।

❖ **पक्राउ प्रतिवादीहरु आबद्ध संस्था तथा फर्म:** 'बिहादी बिजनेश म्यानेजमेण्ट', चितवन (लेखापरिक्षण गर्ने निजी फर्म) ।

❖ **प्रारम्भिक कारबाही प्रक्रिया:**

- मिति २०८१/१०/०५ गते उक्त आन्तरिक राजस्व विभागको एकिकृत कर प्रणाली (Integrated tax system) मा रहेको सूचनामा अनधिकृत रुपमा पहुँच पुऱ्याई भाटभटेनी सुपरमार्केटले चुक्ता गर्नु पर्ने राजस्व रकम, राजस्व कर प्रणालीमा हेरफेर गर्ने कार्यमा संलग्न ब्यक्तिहरु **सन्तोष पराजुली** र **परिन पाण्डे** लाई जिल्ला प्रहरी कार्यालय चितवनले भरतपुर महानगरपालिका वडा नं.३ स्थित बिहादी बिजनेस म्यानेजमेण्ट नामको कार्यालयबाट पक्राउ गरी सो कसूरमा प्रयोग भएका बिधुतिय उपकरणहरु समेत बरामद गरी मिति २०८१/१०/०५ गतेको पत्र साथ यस ब्यूरोमा दाखिला हुन आएको ।

- २०८१/१०/५ गते शनिबार भएकोले पक्राउ निज अभियुक्तहरु उपर ६ गते आईतबार बिधुतिय कारोवार ऐन, २०६३ अन्तर्गतको कसूरमा मुद्वा दर्ता गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराई सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०८१/१०/०५ गतेबाट लागु हुने गरि पहिलो पटक दिन (सात) ७ को म्याद थप भई अनुसन्धान भई रहेको ।

❖ **प्रारम्भिक अनुसन्धानबाट खुल्न आएका तथ्य:**

पक्राउ प्रतिवादी सन्तोष पराजुली समेतले आन्तरिक राजस्व कार्यालयको एकिकृत कर प्रणाली (Integrated tax system) सूचनामा पहुँच पुऱ्याई भाटभटेनी सुपरमार्केटबाट नेपाल सरकारलाई प्राप्त हुने राजस्वको दायरा भित्र आउने जम्मा कारोबार रकम रु.२,३४,१६,४२,८१६।- (दुई अर्ब चौंतीस करोड सोह्र लाख बयालिस हजार आठ सय सोह्र) को राजस्व कर दायित्व रु. ६,२६,९४,०१९।- (छ करोड छब्बीस लाख चौरानब्बे हजार उन्नाईस) लाई परिवर्तन तथा हेरफेर गरी रु.१३,०९,५९,६०९ ।- (तेह्र करोड नौं लाख उन्साठी हजार छ सय नौं) गलत तथ्याङ्क करदातालाई बढी कर दायित्व सृजना हुने गरी राज्यको आधिकारिक कम्प्युटर सूचना प्रणालीमा अनाधिकृत रुपमा प्रविष्ट गर्ने कार्य गरेको देखिएको ।

❖ **अपराधको कारण:**

प्रारम्भिक अनुसन्धानको क्रममा कसुरमा संलग्न व्यक्तिहरुले आफु संलग्न Audit Form को तर्फबाट आन्तरिक राजस्व बिभागको Portal मा गई बिभिन्न करदाताहरुको कारोबारको विवरण आफु अनुकुल करदाताहरुको यथार्थ विवरण भन्दा बढी वा कम (फरक) हुने गरी प्रविष्ट गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कसैलाई हानी निक्सानी पुऱ्याउन र लाभ लिन खोज्ने ।

थप अनुसन्धान कार्य जारी रहेको ।

सुधिर राज शाही
(प्रहरी उपरीक्षक)
प्रवक्त एवं सूचना अधिकारी
सम्पर्क नं.: ९८५१२९१३११